# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असार ३० गते, २०८२ साल (अतिरिक्ताङ्क १४

# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८२ सालको ऐन नं. ०३**

## आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक वर्ष २०८२/८३ को लागि सङ्घीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-१ बमोजिम सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु.१५,५२,६७,९४,००,०००।- (अक्षरेपि १५ खर्ब ५२ अर्ब ६७ करोड ९४ लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सङ्घीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u>** यस ऐनद्वारा सङ्घीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही आर्थिक वर्ष २०८२/८३ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नु पर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी त्यसको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

तर त्यस्तो समयावधिभित्र बाँडफाँट हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले अनुरोध गरेमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यकता र औचित्य हेरी बाँडफाँट गरिदिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

**५. <u>रकमान्तर तथा स्रोतान्तर सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केतभित्रको बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक तथा बाह्य ऋणको साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(३) प्रदेश वा स्थानीय तहको लागि अनुदान सङ्केत ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

तर स्वीकृत आयोजना वा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नु पर्ने वा क्रियाकलाप परिवर्तन गर्नु पर्ने भएमा स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यको आधारमा संवत् २०८२ साल पुस मसान्तभित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्न सक्नेछ।

(६) सम्बन्धित लेखा उत्तरदायी अधिकृतले आयोजना वा कार्यक्रम संशोधन वा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चिस प्रतिशतसम्म रकमान्तर गर्न सक्नेछ।

(७) राष्ट्रिय गौरवको आयोजना वा कुनै भवन निर्माणको लागि विनियोजन भएको रकम नेपाल सरकार, अर्थ मन्त्रालयले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्रोतको सहमति दिएको आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।

(८) चालु वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि रकमान्तर गरी बजेट थप गर्नु पर्ने भएमा त्यस्तो आयोजनामा सुरु विनियोजन भएको रकमको चार गुणाभन्दा बढी रकमान्तर गर्न पाइने छैन।

(९) उपदफा (६) बमोजिम सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्ने भएमा देहायको खर्च सङ्केतमा (इन्टर इकोनमिक कोड) कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्नेछः-

| क्रमसङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २२२११ | इन्धन (पदाधिकारी) |
| २ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) |
| ३ | २२२१३ | सवारी साधन मर्मत खर्च |
| ४ | २२२१४ | बीमा तथा नवीकरण खर्च |
| ५ | २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च |
| ६ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ७ | २२२९१ | अन्य सम्पत्तिको सञ्चालन तथा सम्भार खर्च |
| ८ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री |
| ९ | २२३१२ | पशुपन्छीहरूको आहार |
| १० | २२३१३ | पुस्तक तथा सामग्री खर्च |
| ११ | २२३१४ | इन्धन-अन्य प्रयोजन |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रमसङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १२ | २२३१५ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च |
| १३ | २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च |
| १४ | २२५११ | कर्मचारी तालिम खर्च |
| १५ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| १६ | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| १७ | २२६११ | अनुगमन, मूल्याङ्कन खर्च |
| १८ | २२६१२ | भ्रमण खर्च |
| १९ | २२६१९ | अन्य भ्रमण खर्च |
| २० | २२७११ | विविध खर्च |

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै अनुदान सङ्केतभित्रको एकभन्दा बढी बजेट उपशीर्षकमा बाँडफाँट भएको देहायको एकै खर्च शीर्षकको रकम एक बजेट उपशीर्षकबाट घटाई अर्को बजेट उपशीर्षकमा थप गर्नु पर्ने भएमा र एउटै बजेट उपशीर्षक अन्तर्गत एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी स्वीकृत दरबन्दीभित्र रही रकमान्तर तथा कार्यक्रम संशोधन गर्न सक्नेछः-

| क्रम सङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २१११११ | पारिश्रमिक कर्मचारी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम सङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| २ | २११११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११२३ | औषधी उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महङ्गी भत्ता |
| ८ | २११४२ | पदाधिकारी अन्य सुविधा |
| ९ | २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |
| १० | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |
| ११ | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |

(११) लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिमको अवस्थामा रकमान्तर गर्न पाउने छैनः-

(क) सुरु विनियोजन नभएको खर्च सङ्केतमा,

(ख) नयाँ क्रियाकलापमा,

(ग) आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा, वा

(घ) असार महिनामा।

(१२) कुनै कार्यालय अन्तर्गतको २७१११ (सामाजिक सुरक्षा) र २११११ (पारिश्रमिक) खर्च शिर्षक नं अन्तर्गत विनियोजन भएको एक क्रियाकलापको रकम अर्को क्रियाकलापमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वीकृत दरबन्दी भित्र रही सम्बन्धित लेखा उत्तरदायी अधिकृतले रकमान्तर र कार्यक्रम संशोधन गर्न सक्नेछ।

(१३) चालु वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न पाइने छैन।

(१४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८२ साल जेठ १५ गतेपछि यस ऐनमा समावेश भएको आयोजना वा कार्यक्रमको स्वीकृत बजेटको सीमाभित्र रही यो ऐन प्रारम्भ भएपछि खरिद सम्झौता गर्ने गरी प्रचलित कानून बमोजिम खरिद प्रक्रिया सुरु गर्न बाधा पर्ने छैन। त्यसरी खरिद प्रक्रिया सुरु गर्दा बहुवर्षीय दायित्व सिर्जना हुने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

६. **अन्तर-सरकारी वित्त हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) अनुदान सङ्केत ७०१ को रकम प्रदेशले कानून बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एकचौथाइले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा संवत् २०८२ सालको भदौ २ गते, कात्तिक २ गते, माघ २ गते र संवत् २०८३ वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिमको समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरु अनुमान बमोजिम, तेस्रो किस्ता पुस मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा र चौथो किस्ता चैत मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ।

(५) उपदफा (१) र (२) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एकतिहाइले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा संवत् २०८२ साल भदौ २ गतेभित्र हस्तान्तरण गर्नेछ।

(६) प्रदेश वा स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषयक्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण प्रदेश वा स्थानीय तहले संवत् २०८२ सालको मङ्सिर १५ गते, चैत १५ गते र संवत् २०८३ सालको असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपदफा (७) बमोजिमको खर्चको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले उपदफा (५) बमोजिम प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्नाका रूपमा संवत् २०८२ सालको मङ्सिर २५ गते, चैत २५ गते र संवत् २०८३ सालको असार २५ गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(९) नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नेछ। प्रदेश वा स्थानीय तहलाई समपूरक अनुदानको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा अनुदान कार्यविधि बमोजिम नेपाल सरकारले व्यहोर्ने हिस्सा भन्दा बढी रकम नहुने गरी हस्तान्तरण गर्नेछ।

(१०) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत् सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरूमा बाँकी भएकोमा सो रकम महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**७. आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तह मार्फत् कार्यान्वयन गर्नु पर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश वा स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय सहित दोस्रो त्रैमासिकसम्म मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन आवश्यक ठानेमा दोस्रो त्रैमासिकसम्ममा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश वा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकारको एकल खाता कोष प्रणाली (टी. एस. ए.) मा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रूपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत् आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको आयोजना वा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रूपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम स्थानीय तहको आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ। त्यसरी प्राप्त रकम मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(७) सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भई स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजना वा कार्यक्रमबाट अर्को आयोजना वा कार्यक्रममा वार्षिक कार्यक्रमको क्षेत्र तथा मूल उद्देश्यमा परिवर्तन नहुने गरी सम्बन्धित विषयगत मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपदफा (७) बमोजिमको सशर्त अनुदानको आयोजना वा कार्यक्रममा रकमान्तर वा कार्यक्रम संशोधन गर्नु पर्दा प्रदेशको सम्बन्धित मन्त्रालयले नेपाल सरकारको विषयगत मन्त्रालय मार्फत् रकमान्तर तथा कार्यक्रम संशोधन प्रविष्टि गरी बजेट सूचना प्रणालीमा रकमान्तर र कार्यक्रम संशोधन गर्न नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(९) विशेष अनुदान र समपूरक अनुदानको प्रदेश वा स्थानीय तहबाट सञ्चालित आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि बजेट बाँडफाँट गर्नु पर्ने भएमा कार्यक्रमको क्षेत्र तथा उद्देश्यमा प्रतिकूल नहुने गरी राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयले रकमान्तर तथा अख्तियारी संशोधन गर्न सक्नेछ।

(१०) नेपाल सरकार, अर्थ मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा त्यस्तो स्रोत सहमति स्वतः निष्क्रिय हुनेछ। त्यसरी नेपाल सरकार, अर्थ मन्त्रालयले स्रोत सहमति प्रदान गर्दा मध्यमकालीन खर्च संरचनालाई समेत आधार लिनु पर्नेछ।

(११) खर्च सङ्केत नं. २६४१२ सरकारी निकाय, समिति तथा बोर्डलाई सशर्त चालु अनुदान र २६४२२ सरकारी निकाय, समिति तथा बोर्डलाई सशर्त पुँजीगत अनुदान प्राप्त गर्ने निकायले मध्यमकालीन खर्च संरचनामा प्रविष्ट भएको बजेटको सीमाभित्र रहेर बहुवर्षीय खरिद प्रक्रिया अगाडि बढाउन सक्नेछ। त्यस्तो निकायले सो सीमा भन्दा बढी दायित्व सिर्जना गरेमा थप बजेट उपलब्ध गराइने छैन। अनुदान सङ्ख्या ५०१ वित्तीय व्यवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत शेयर तथा ऋण लगानीको आयोजनामा बहुवर्षीय सहमति प्रदान गरिने छैन।

(१२) मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व सम्बन्धित विषयगत मन्त्रालय वा निकायले आयोजना बैङ्कमा प्रविष्टि सम्बन्धी सबै प्रक्रिया पूरा गर्नु पर्नेछ। आयोजना बैङ्कमा प्रविष्टि भएको आयोजना एकै आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी विनियोजित रकमको सीमाभित्र रही कार्यान्वयन गर्न सकिनेछ।

(१३) भवन निर्माणको लागि विनियोजन भएको रकमबाट सरकारी स्वामित्वको जग्गामा मात्र निर्माण कार्य गर्नु पर्नेछ।

८. **लेखाङ्कन, प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रूपमा प्रचलित सङ्घीय कानूनले तोके बमोजिमको लेखा राखी नेपाल सरकारले तोके बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनु पर्नेछ। त्यसरी प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्बन्धित प्रदेश वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको स्रोत कायम गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले उपदफा (३) बमोजिमको सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन पेस नभएको कारणबाट खर्च भएको रकम सोधभर्ना प्राप्त हुन नसकेमा सो बराबरको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहमा आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब मिलान गरिनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम चालु खर्च शीर्षक नम्बर २६४१२ र पुँजीगत खर्च शीर्षक नम्बर २६४२२ विनियोजित रकमको प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

९. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश वा स्थानीय तहले सङ्कलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण बापतको रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका विषयको पालना हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुसरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) सन्तुलित बजेट तर्जुमा गर्ने तथा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रही दायित्व सिर्जना गर्ने,

(च) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।

(४) यस ऐन बमोजिमको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुने अस्थायी जनशक्ति योजना संवत् २०८२ साल साउन मसान्तभित्र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वैदेशिक स्रोत समावेश भएको आयोजना वा कार्यक्रमको हकमा लेखा उत्तरदायी अधिकृतले वित्तीय प्रतिवेदन तयार गरी दातृ निकायसँग भएको सम्झौता बमोजिमको समयावधिभित्रै महालेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ। त्यस्तो वित्तीय विवरण लगायतका खर्चको फाँटबारी महालेखा नियन्त्रक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयको एकल खाता कोष प्रणाली (टी.एस.ए.) मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम वित्तीय विवरण तथा खर्चको फाँटबारी भुक्तानी प्रणालीमा प्रविष्ट गरे वा नगरेको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र महालेखा नियन्त्रक कार्यालयको हुनेछ।

(७) आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ बमोजिमका आयोजना वा कार्यक्रम मात्र कार्यान्वयनमा लैजानु पर्नेछ।

(८) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(९) यस ऐन बमोजिम विनियोजन भएको रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने, ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ बमोजिम सम्बन्धित अधिकारीले कारबाही गर्नु पर्नेछ।

**१०. <u>कानून विपरीत विनियोजन भएको नमानिने</u>:** (१) यस ऐनमा व्यवस्था भएको विषयमा यस ऐन बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रविष्टि तथा विनियोजनमा भएको त्रुटि नेपाल सरकार, अर्थ मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ।

(३) यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानून बमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरीत विनियोजन भएको मानिने छैन।

११. **आवश्यक व्यवस्था गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रु.लाखमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ९१ | ० | ९१ |
| २ | १०२ | उपराष्ट्रपति | ७२ | ० | ७२ |
| ३ | १०३ | प्रदेश प्रमुखहरु | ३६२ | ० | ३६२ |
| ४ | २०२ | सङ्घीय संसद् | ५१९ | ० | ५१९ |
| ५ | २०४ | अदालत | ८२६ | ० | ८२६ |
| ६ | २०६ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ११० | ० | ११० |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | ३६ | ० | ३६ |
| ८ | २१० | लोक सेवा आयोग | ७७ | ० | ७७ |
| ९ | २१२ | निर्वाचन आयोग | ७५ | ० | ७५ |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ८४ | ० | ८४ |
| ११ | २१८ | न्याय परिषद् | ४७ | ० | ४७ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ९३ | ० | ९३ |
| १३ | २२२ | राष्ट्रिय महिला आयोग | ९० | ० | ९० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | ७९ | ० | ७९ |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | ८१ | ० | ८१ |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | ८१ | ० | ८१ |
| १७ | २३० | मधेशी आयोग | ८१ | ० | ८१ |
| १८ | २३२ | थारू आयोग | ८२ | ० | ८२ |
| १९ | २३४ | मुस्लिम आयोग | ८८ | ० | ८८ |
| २० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ९२९६१४ | २५०५९७३ | ३४३५५८७ |
| २१ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ११७११५ | ३७६९०० | ४९४०१५ |
| २२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३८६३० | १४१९०० | १८०५३० |
| २३ | ६०२ | अर्थ मन्त्रालय- फैसला वा आदेश अनुसार तिर्नुपर्ने रकम | १२०० | ० | १२०० |
| | | **जम्मा** | **१०८९५३३** | **३०२४७७३** | **४११४३०६** |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा २, ३, दफा ५ को उपदफा (१) र दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

## सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने रकम

(रु.लाखमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क.सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | १३४५ | २५६ | ० | १६०१ |
| २ | १०२ | उपराष्ट्रपति | ४४५ | २५५ | ० | ७०० |
| ३ | १०३ | प्रदेश प्रमुखहरु | २०६९ | २२० | ० | २२८९ |
| ४ | २०२ | सङ्घीय संसद् | १४४८८ | १०२२ | ० | १५५१० |
| ५ | २०४ | अदालत | ५९८८९ | ३९९०४ | ० | ९९७९३ |
| ६ | २०६ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १६६०५ | १३८५ | ० | १७९९० |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | ७४१२ | १०२६ | ० | ८४३८ |
| ८ | २१० | लोक सेवा आयोग | ८८२२ | ३३३ | ० | ९१५५ |
| ९ | २१२ | निर्वाचन आयोग | ५५२१ | ११०४ | ० | ६६२५ |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २८६१ | ४३ | ० | २९०४ |
| ११ | २१८ | न्याय परिषद् | ५२४ | २८ | ० | ५५२ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८१२ | ४१ | ० | ८५३ |
| १३ | २२२ | राष्ट्रिय महिला आयोग | ७२८ | २१ | ० | ७४९ |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | ३११ | २४ | ० | ३३५ |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | ३३० | २७ | ० | ३५७ |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | ३०७ | २१ | ० | ३२८ |
| १७ | २३० | मधेशी आयोग | ३२१ | २१ | ० | ३४२ |
| १८ | २३२ | थारू आयोग | ३२८ | २२ | ० | ३५० |
| १९ | २३४ | मुस्लिम आयोग | ३२६ | २० | ० | ३४६ |
| २० | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५७७२१ | ७२११ | ० | ६४९३२ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| २१ | ३०५ | अर्थ मन्त्रालय | २९५४५६ | ९४५१४ | ० | ३८९९७० |
| २२ | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४९३५५ | ४००५१ | ० | ८९४०६ |
| २३ | ३०८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ४२५३३ | ३८४६०६ | ० | ४२७१३९ |
| २४ | ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५२७३ | ८३ | ० | ५३५६ |
| २५ | ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ४७२९४३ | ३३८६८ | ० | ५०६८११ |
| २६ | ३१३ | खानेपानी मन्त्रालय | ९३४९ | १९७८५७ | ० | २०७२०६ |
| २७ | ३१४ | गृह मन्त्रालय | १९२९१८१ | १५३२९८ | ० | २०८२४७९ |
| २८ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २८०८३ | ४८४६२ | ० | ७६५४५ |
| २९ | ३२६ | परराष्ट्र मन्त्रालय | ६४२०६ | १४२७५ | ० | ७८४८१ |
| ३० | ३२९ | वन तथा वातावरण मन्त्रालय | ८२६९३ | ३७६९५ | ० | १२०३८८ |
| ३१ | ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ६६५१६ | ६७११ | ० | ७३२२७ |
| ३२ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७४६५२ | १४४२८३१ | ० | १५१७४८३ |
| ३३ | ३४० | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७७९८ | ७४७९ | ० | १५२७७ |
| ३४ | ३४३ | युवा तथा खेलकुद मन्त्रालय | २१११० | ३६०६४ | ० | ५७१७४ |
| ३५ | ३४५ | रक्षा मन्त्रालय | ५५७९२२ | ६२१९९ | ० | ६२०१२१ |
| ३६ | ३४७ | शहरी विकास मन्त्रालय | २८५४४ | ८८४८७३ | ० | ९१३४१७ |
| ३७ | ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५५९५१७ | ४६१०० | ० | ६०५६१७ |
| ३८ | ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५७८८२ | १९३१७ | ० | ७७१९९ |
| ३९ | ३६५ | सङ्घीय मामिला तथा | ६८४५६ | ४२२२ | ० | ७२६७८ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क.सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | सामान्य प्रशासन मन्त्रालय | | | | |
| ४० | ३७० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ३८४०५३ | १६९८६६ | ० | ५५३९१९ |
| ४१ | ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १३७८८ | २५२२ | ० | १६३१० |
| ४२ | ३९१ | राष्ट्रिय योजना आयोग | १६३१ | ७१ | ० | १७०२ |
| ४३ | ५०१ | अर्थ मन्त्रालय-वित्तीय व्यवस्था | ० | ० | ७२७६४७ | ७२७६४७ |
| ४४ | ६०१ | अर्थ मन्त्रालय-कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | १०९६५०० | ० | ० | १०९६५०० |
| ४५ | ६०२ | अर्थ मन्त्रालय-विविध | ४४३४११ | ३३८९३२ | ० | ७८२३४३ |
| ४६ | ७०१ | प्रदेश | ९७५६०४ | ० | ० | ९७५६०४ |
| ४७ | ८०१ | स्थानीय तह | ३२०२६४६ | ० | ० | ३२०२६४६ |
| | | जम्मा | **१०७२०२६७** | **४०७८८८०** | **७२७६४७** | **१५५२६७९४** |

प्रमाणीकरण मितिः २०८२।०३।३०

**आज्ञाले,**

**पाराश्वर ढुङ्गाना**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।